सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक २० संवत २०८१ साल फाल्गुन ०२ गते https://sarumaranimun.gov.np

## कर्मचारी बैठक सम्पन्न



सरूमारानी गाउँपालिका प्यूठानका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकज्यूको अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बैठक मिति २०८१।१०।०७ गते सम्पन्न भएको छ। बैठकमा विषयगत शाखा प्रमुख, प्राविधिक कर्मचारी, वडा सचिव ,स्वास्थ्य प्रमुख लगाएत कर्मचारीको उपस्थित थियो। कर्मचारीहरुले बैठकमा आ.व.२०८१।०८२ को दोस्रो त्रैमासिक सम्मको प्रगति प्रतिवदन तथा कार्यालय व्यवस्थापनमा भएका समस्या, सुधार गर्नु पर्ने विषय लगायतको बारेमा आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो।



# अभिमुखिकरण कार्यक्रम सम्पन्न




महिलाहरूमा हुने पाठेघरको मुखको क्यान्सर रोकथामका लागि बिद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत र बिद्यालय नजाने समुदायमा रहेका १० देखि १४ वर्ष सम्मका किशोरीहरुलाई यही माघ २२ गते देखि संचालन हुने एच.पि.भी. खोप अभियान सम्बन्धि स्वास्थ्यकर्मीहरुको लागि अभिमुखीकरण आज सरुमारानी गाउँपालिकाको सभाहलमा पालिका उपाध्यक्ष श्री बसन्ता खड्काको अध्यक्षता तथा स्वास्थ्य कार्यालय प्युठानका निमित्त कार्यालय प्रमुख श्री मधुसूदन खड्का, स्वास्थ्य शाखा प्रमुख श्री टेकेन्द्र रायमाझी र पब्लिक हेल्थ नर्स श्री सृजना नेपालीले सहजीकरणमा सम्पन्न कार्यक्रममा पालिका अन्तर्गत सम्पूर्ण स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो !!!





# प्राथमिक उपचार सम्बन्धी तालिम सम्पन्न



विपद्को जोखिममा रहेका समुदायका सदस्यहरुका लागी विपद पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धी ज्ञान र सिप बढाउने उद्देश्यले गाउँपालिका र प्रतिबद्ध ३ परियोजनाको संयुक्त आयोजना तथा नेपाल रेडक्रस सोसाइटी प्युठान जिल्ला शाखाको सहजीकरणमा मिति २०८१ माघ १२देखि गाउँपालिकामा प्राथामिक उपचार सम्बन्धी शुरु भएको तालिम मिति २०८१ माघ १४ गते गाँउपालिकाको उपाध्यक्षको प्रमुख आतिथ्यतामा समापन भएको छ ।





## चौथो अध्यक्ष कप खेलकुद प्रतियोगिता सम्पन्न




सरूमारानी गाउँपालिका युवा तथा खेलकुद विकास समितिका संयोजक भरत एम.सिको अध्यक्षतामा,प्रतिनिधि सभाका माननीय सुर्य थापाको प्रमुख आतिथ्यतामा,लुम्बिनी प्रदेश सभा सदस्य तुल्सिराम शर्माको विशिष्ट आतिथ्यतामा ,सरूमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माको बिशेष आतिथ्यतामा, गा.पा उपाध्यक्ष बसन्ता खडका, प्रमुख प्रशासकिय अधिकृत देविराम पाठक, राजनीतिक दलका प्रतिनिधिहरू, कार्यपालिका सदस्यहरू ,वडा सदस्यहरू ,अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरूको आतिथ्यतामा ,६ वटै वडाका खेलाडी तथा आम दर्शकहरूको उपस्थितिमा ,गा.पा युवा तथा खेलकुद विकास समिति सदस्य शिवराज एम सि को स्वागतमा र गा.पा युवा तथा खेलकुद विकास समिति सदस्य नवराज भण्डारीको संचालनमा सरुमारानी गाउँपालिका चौथो अध्यक्ष कप खेलकुद प्रतियोगिता सरूमारानी वडा नं २ रानीवगरमा उद्घाटन भई मिति २०८१।१०।१८ गते सम्पन्न भएको थियो।

जस अनुसार निम्न वडाहरूले तपसिल अनुसार उपाधि जित्न सफल भएका छन । विजेता वडा तथा खेलाडीहरू सबैलाई बधाई तथा शुभकामना। साथै आयोजक टिम तथा सहजकर्ता, एम्पाएरहरूलाई विशेष धन्यवाद सहित आभार व्यक्त गर्दछौं।

**तपशिल:**

१) ४ नं.वडा - पुरूष भलिबल प्रथम ,क्रिकेट प्रथम , व्याड मिन्टन तितृय
२) २ नं.वडा - महिला भलिबल प्रथम, पुरूष भलिवल द्बितीय , क्रिकेट द्बितीय
३) ३ नं.वडा - व्याड मिन्टन प्रथम, महिला भलिवल द्बितीय , पुरूष भलिवल तितृत
४) १ नं.वडा - व्याड मिन्टन द्बितीय , महिला भलिवल तितृय , क्रिकेट तितृय
५) ६ नं.वडा - फुटबल प्रथम


चौथो सरुमारानी गाउँपालिका स्तरीय
अध्यक्ष कप प्रतियोगिता २०८१
मिति : २०८१/१०/१६ देखि २०८१/१०/१८ गते सम्म
समावेश गरिएका खेलहरु
१. महिला तथा पुरुष भलिबल प्रतियोगिता
पुरुष फुटबल प्रतियोगिता
पुरुष क्रिकेट प्रतियोगिता
पुरुष ब्याडमिन्टन प्रतियोगिता
आयोजक
सरुमारानी गाउँपालिका
युवा तथा खेलकुद विकास समिति



# अध्यक्षकप प्रतियोगितका केहि तस्विरहरू












# उन्नत ग्रामीण सडक निर्माण निर्देशिका सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न




सरुमारानी गाउँपालिका र प्रतिबद्ध-३ परियोजनाको संयुक्त आयोजनामा स्कट विल्सन नेपालका वरिष्ठ कार्यक्रम व्यवस्थापक सन्तोष पन्थी र प्राविधिक संयोजक सुशान्त नेपालको सहजीकरणमा गाउँपालिका अध्यक्ष श्री झग् बहादुर विश्वकर्माको अध्यक्षता र उपाध्यक्ष वसन्ता खड्का साथै प्रमुख प्रशासकिय अधिकृतको उपस्थितिमा स्थानीय तहका वडा अध्यक्षहरु र प्राविधिकहरुको सहभागितामा "उन्नत ग्रामीण सडक निर्माण निर्देशिका र पहिरो जोखिम न्यूनीकरण पुस्तिका" पहिलो मस्यौदा सम्वन्धी १ दिने कार्यशाला मिति २०८१।१०।२९ गते सरुमारानी गाउँपालिकामा सम्पन्न भएको छ ।









सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८५७८६८०२७)

## प्रकाशकः
## सरुमारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बङ्गाँडा,प्यूठान ।

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**